**२०७८ साल असोज १४ गते विहिवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** बैजनाथ गाँउपालिकाको वडा सिमाना हेरफेर विषयक सम्बन्धित गाँउपालिकाबाट प्राप्त प्रस्ताव नेपाल सरकार समक्ष पठाउन स्वीकृती प्रदान गर्ने।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** भूमे गाँउपालिकाको वडाको संख्या र सिमाना हेरफेर विषयक सम्बन्धित गाँउपालिकाबाट प्राप्त प्रस्ताव नेपाल सरकार समक्ष पठाउन स्वीकृती प्रदान गर्ने।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** पूथा उत्तरगंगा गाँउपालिकाको संख्या, वडा विभाजन र केन्द्र तोक्ने सम्बन्धमा सम्बन्धित गाँउपालिकाबाट प्राप्त प्रस्ताव नेपाल सरकार समक्ष पठाउन स्वीकृती प्रदान गर्ने।

४. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** बगनासकाली गाँउपालिकाको केन्द्र तोक्ने विषयको सम्बन्धित गाँउपालिकाबाट प्राप्त प्रस्ताव नेपाल सरकार समक्ष पठाउन स्वीकृती प्रदान गर्ने ।

५. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** कानून मस्यौदा तथा सुझाव कार्यदल गठन गर्ने ।

६. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेशका मन्त्रालय र अन्तर्गत कार्यालयहरुको आ.व. २०७८/७९ को लागि अस्थायी दरवन्दी स्वीकृत गर्ने ।

७. **उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः** उद्यम विकास कोष सञ्चालन नियमावली (प्रथम संशोधन), २०७८ मा स्वीकृति प्रदान गर्ने ।

८. **कानून, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः** प्रदेश नं. ५ प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन,२०७५ को अनुसूची हेरफेर स्वीकृत गर्ने ।

९. **स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालयः** कोभिड विशेष अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ को दफा १८ बमोजिम गठित निर्देशक समितिको संयोजकको जिम्मेवारी तोक्ने तथा लुम्बिनी प्रादेशिक अस्पतालको मेडिकल सुपरिटेण्डेण्ट को जिम्मेवारी हेरफेर गर्ने ।

१०. **स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालयः** कोभिड विशेष अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ स्वीकृत गर्ने ।

११. लुम्बिनी प्रादेशिक कृषि विकास सम्बन्धी प्रादेशिक रणनीतिको मस्यौदा तर्जुमा गरी पेश गर्न कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालयलाई निर्देशन दिने ।

१२. लुम्बिनी प्रदेशको शिक्षा सम्बन्धी प्रादेशिक नीतिको मस्यौदा तर्जुमा गरी पेश गर्न शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालयलाई निर्देशन दिने ।

१३. प्रादेशिक राजधानीको लागि पूर्वाधार निर्माण गर्न आवश्यक जग्गा प्राप्तिका लागि सम्बन्धित निकाय एवं सरोकारवालाहरुसँग समन्वय र सहजिकरण गर्न पर्यटन, ग्रामीण तथा सहरी विकास मन्त्रालयका सचिवको संयोजकत्वमा देहाय बमोजिम प्रतिनिधि रहने गरी एक कार्यदल गठन गर्ने ।

देहायः-

क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

ख) वन,वातावरण तथा भू-संरक्षण मन्त्रालय,

ग) कषि,खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय,

घ) शिक्षा,विज्ञान,युवा तथा खेलकुद मन्त्रालय,

ङ) संयोजकले आवश्यक ठानेको जुनसुकै मन्त्रालयको प्रतिनिधि ।